# धुर्कोट गाउँपालिका

## "खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७"



## धुर्कोट गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय
बर्बोट,गुल्मी
लुम्बिनी. प्रदेश, नेपाल

# खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७

प्रमाणिकरण मितिः २०७७।०६।१५

**प्रस्तावना :**

धुर्कोट गाउँपालिका क्षेत्र भित्र स्वच्छ खानेपानीको पहुँच सबै गाउँवासीहरुमा पुऱ्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न जलस्रोत ऐन २०४९ दफा ५ उपदफा (२) तथा जलस्रोत नियमावली २०५० को नियम ६ को उपनियम(१) र स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-३ दफा ११ को उपदफा ध(१) मा व्यवस्था भए अनुसार खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको स्थापना तथा दर्ता गर्न बान्छनीय भएकोले **धुर्कोट गाउँ कार्यपालिकाबाट** स्वीकृत भई **"खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७"** तर्जुमा गरी लागु गरिएकोछ ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

१) यस कार्यविधिको नाम ***"खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७"*** रहेको छ ।

२) यो कार्यविधि धुर्कोट गाउँपालिका भित्र लागु हुनेछ ।

३) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"गाउँ सभा"** भन्नाले धुर्कोट गाउँसभा सम्झनु पर्दछ ।

(ख) **"कार्यपालिका"** भन्नाले धुर्कोट गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(ग) **"अध्यक्ष"** भन्नाले धुर्कोट गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ ।

(घ) **"उपाध्यक्ष"** भन्नाले धुर्कोट गाउँपालिका उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले धुर्कोट गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

(च) **"खानेपानी"** भन्नाले स्वच्छ पिउने पानीलाई सम्झनुपर्छ ।

(छ) **"समिति"** भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सम्झनु पर्छ ।

(ज) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियम, निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

**३. उपभोक्ता समिति दर्ता गर्नु पर्ने :**

(१) स्थानीय स्तरमा व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई एवं अन्य घरेलु प्रयोगको लागि खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समिति स्थापना गर्नु पर्नेछ । यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि उपभोक्ता समिति स्थापना गर्नु हुँदैन ।

(२)उपदफा(१) बमोजिम गठन गरिएको उपभोक्ता समितिलाई दफा ४ मा उल्लेखित समितिको निर्णय बमोजिम प्रमुख प्रशासकिय अधिकृतले दर्ता गर्नुपर्नेछ ।

**४. खानेपानीको मुल दर्ता गर्नुपर्ने :-**

गाउँपालिकाको क्षेत्रमा खानेपानी उत्पादनको मुख्य श्रोत मुहान (मुल) बाट संकलन गरी खानेपानी व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ। खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी संकलन गर्ने उत्पादनको मुख्य श्रोत मुहान (मुल) दर्ताको लागि गाउँपालिका समक्ष माग गर्नु पर्नेछ । माग भए पछि निम्न अनुसारको गाउँपालिका जलस्रोत समितिले मुल दर्ता गर्न मिल्ने नमिल्ने सम्वन्धमा स्थलगत अध्ययन सहित छानविन गरी दर्ता गर्न मिल्ने अवस्था देखिएमा मुल दर्ता सहितको अनुमती दिन सक्ने छ ।

१) संयोजक– गाउँपालिका अध्यक्ष

२) सदस्य- गाउँपालिका उपाध्यक्ष

३) सदस्य सचिब– प्रमुख प्रशासकीय अधिकृत

४)सदस्य– सम्वन्धीत वडा अध्यक्ष

५) सदस्य- योजना शाखा प्रमुख

६) सदस्य - इन्जिनियर

७) सदस्य -वास संयोजक

**५ उपभोक्ता संस्था/समिति दर्ता :**

(१) संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले पदाधिकारी तथा सदस्य समेत गरी सात जना वा सो भन्दा बढी भएको अनुसूची-१ बमोजिमको ढाँचामा देहायको विवरण खुलाई समितिको विधानको दुई प्रति र तोकिएको दस्तुर सहित गाउँपालिका प्रमुख समक्ष दरखास्त दिनु पर्नेछ ।

क) समितिको नाम,

ख) उद्देश्यहरु,

ग) समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

घ) कार्यालयको ठेगाना,

ङ) समिति संचालनको विधि र प्रक्रिया

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि गाउँपालिका अध्यक्षको आदेशानुसार प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी समिति दर्ता गर्न उचित ठानेमा समिति दर्ता गरी प्रमाण-पत्र दिइनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतिस दिन भित्र त्यस्तो निर्णय उपर गाउँपालिका प्रमुख समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुरी प्राप्त भएपछि गाउँपालिका प्रमुखले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिव ठहरिएमा सो समिति दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो भएपछि प्रमुख प्रशासकीय अधिकृतले समिति दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिईने प्रमाण पत्रको ढाँचा अनुसूचि २ बमोजिम हुनेछ । नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

(६) दर्ता भएको समिति प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र नविकरण गर्नु पर्ने छ । दर्ता दस्तुर रु. २,०००।-(दुई हजार) र नविकरण दस्तुर वार्षिक रु १,०००।- (एक हजार) लाग्नेछ । अर्को आर्थिक वर्षको असोज मसान्तसम्म जरिवाना लाग्ने छैन र समयमा नवीकरण नगर्ने संस्थाले कार्त्तिक देखि पुषसम्म नवीकरण दस्तुरको २५%, माघ देखि चैत्रसम्म ४० %, बैशाख देखि असारसम्म ७५%, जरिवाना लाग्नेछ । अर्को आर्थिक वर्ष समाप्त भएपछि प्रतिवर्ष १०० % का दरले थप जरिवाना लाग्नेछ ।

**६.दर्ता र प्रमाण-पत्र**

(१) गाउँपालिकामा पर्न आएको दरखास्त उपर गाउँपालिका जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

(२) उपनियम(१) बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा गाउँपालिका जलस्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

**७.उपभोक्ता संस्थाको विधानमा खुलाउनु पर्ने विवरणहरुः**

खानेपानी उपभोक्ता संस्था दर्ता गर्नको लागि पेश गर्नु पर्ने विधानमा संस्था सम्बन्धी देहायका विवरणहरु खुलाउनु पर्नेछ ।

(क) पुरा नाम र ठेगाना
(ख) उद्देश्य तथा कार्यक्षेत्र
(ग) सदस्यको लागि योग्यता,
(घ) सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि
(ङ) सदस्यको अयोग्यता
(च) साधारण सभाको गठन
(छ) साधारण सभाको अधिवेशन
(ज) साधारण सभाको काम, कर्तव्य र अधिकार
(झ) कार्य समिति गठन
(ञ) कार्य समितिको बैठक
(ट) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार
(ठ) निर्वाचन सम्बन्धि व्यवस्था
(ड) अविश्वासको प्रस्ताव
(ढ) आर्थिक स्रोत
(ण) चल,अचल सम्पत्तिको विवरण
(त) कोष
(थ) लेखापरीक्षण ।
(द) विधान संशोधन
(ध) नियम विनियम बनाउने
(न) उपभोक्ता संस्थाको विघटन
(प) विविध

**८.सार्वजनिक सूचना प्रकाशित गर्नु पर्ने :**

(१)जलस्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछि गाउँपालिका जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी तत्सम्बन्धि विवरणहरु खुलाई सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि जलस्रोतको उपयोगसित सम्बन्धि विकास निर्माण तथा सञ्चालन गर्दा कुनै उल्लेखनीय प्रतिकुल असर पर्ने भएमा तत्सम्बन्धि विवरण खुलाई सूचना प्रकाशित भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित गाउँपालिका जलस्रोत समिति समक्ष जो सुकैले पनि उजुरी दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई विचार गरी गाउँपालिका जलस्रोत समितिले त्यस्तो उल्लेखनीय प्रतिकुल असर न्यूनतम गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालन गर्नुपर्ने कुराहरु अनुमतिपत्र दिंदा तोकी दिनेछ ।

(४) कार्य विधि प्रमाणिकरण हुनु भन्दा पूर्व सम्पन्न भएका खानेपानी योजनाहरुको हकमा मुल दर्ता गर्दा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने छैन ।

**९.उपभोक्ता संस्था दर्ताको लागि पेश गर्नु पर्ने कागजातहरुः**

उपभोक्ता संस्था दर्ताको लागि तपशिल बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(क) उपभोक्ता संस्थाको निवेदन

(ख) संस्थाको विधान २ प्रति

(ग) बैठक तथा भेलाको निर्णय प्रतिलिपि

(घ) उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरुको नागरिकताको प्रतिलिपि

(ङ) वडा कार्यालयको सिफारिस

(च) मुल विवाद रहित भएको आवश्यक कागजातहरु ( मञ्जुरीनामा, मुचुल्का )

(छ) उपभोक्ता संस्थाको छाप लगाएको अन्य आवश्यक कागजातहरु

(ज) कार्यक्षेत्रको नक्शा

**१०.समिति संगठित मानिने :** (१) यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति उत्तराधिकारवाला स्वशासीत र संगठित समिति हुनेछ । सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ । (२) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**११. संस्थाको सम्पत्ती :** (१) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ती दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ती दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई समितिलाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२)उपदफा (१) बमोजिमको समितिको सम्पत्ती फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्वन्धीत अदालतमा उजुर गर्न सक्नेछ ।

(३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ती वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा समिति वा समितिको कुनै सदस्य उपर प्रचलित कानुन बमोजिम गाउँपालिकाले कारवाही चलाउन सक्नेछ ।

**१२. यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्ने :** (१) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भई वा नभई स्थापना भईरहेका समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६(छ) महिनाभित्र यो कार्यविधि बमोजिम सुचिकृत गराउनु पर्ने छ । सुचिकृत दर्ता हुनको लागि गत आ.व.सम्मको लेखा परिक्षण प्रतिवेदन, साधारण सभाको निर्णयको प्रतिलिपि, प्रमाण पत्र र विधान अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**१३. समितिको उद्देश्यहरुमा हेरफेर :** (१) समितिको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले तत् सम्वन्धी प्रस्ताब तयार पारी सो प्रस्ताब उपर छलफल गर्न समितिको विधान बमोजिम साधारणसभा बोलाउनु पर्ने छ ।

(२) साधारणसभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्ताबमा समर्थन जनाएमा सो प्रस्ताब साधारण सभाबाट पारित भएको मानिनेछ ।

तर सो प्रस्ताब लागु गर्न गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

**१४.समितिको वर्गिकरण:-** दर्ता अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको बर्गिकरण हुनेछ ।

१) १००१ जना वा सो भन्दा बढि उपभोक्ता सदस्य भएको (क वर्ग)

२) ५०१ देखि १००० जना उपभोक्ता सदस्य भएको (ख वर्ग)

३) ५०० जना सम्म उपभोक्ता सदस्य भएको (ग वर्ग)

**१५. तदर्थ समिति गठन गर्न सकिने:-** यस अघि दर्ता स्वीकृती प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरुले तोकीए बमोजिम ६ महिना भित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा नगरेमा त्यस्ता तदर्थ समिति वा अवधि पुरा भएका उपभोक्ता समितिहरुलाई विघठन गरी संचालन नियमित गर्न गाउँपालिकाको तर्फबाट सम्वन्धीत उपभोक्ता सदस्यहरु मध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतको आवश्यक प्रकृया काम कारवाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ ।

**१६.संघ गठन गर्न सकिने:-** दर्ता स्वीकृती प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाई उपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख सहयोग मातहतमा अन्य सम्पुर्ण उपभोक्ता समितिहरुलाई व्यवस्थित रुपमा संचालन गरिनेछ ।

**१७. हिसाबको विवरण पठाउनु पर्ने :** उपभोक्ता समितिले आफ्नो समितिको हिसाबको विवरण लेखापरीक्षकको प्रतिवेदन सहित प्रत्येक बर्ष गाउँपालिकामा पठाउनु पर्नेछ ।

**१८. हिसाब  जाँच गर्ने :**

(१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाव आफुले नियुक्ति गरेको कुनै अधिकृतद्धारा जाँच गराउन सक्नेछ । (२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत गाउँपालिकाले हिसाब जाँचबाट देखिन आएको समितिको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफुले निर्धारण गरेको दस्तुर असुल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ती सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ ।  तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सक्नेछ ।

**१९. निर्देशन दिने** :

गाउँपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धीत समितिको कर्तव्य हुनेछ ।

**२०. दण्ड सजाय :**

(१) दफा ४ बमोजिम दर्ता नगराई समिति स्थापना गरेमा वा दफा (७) बमोजिम दर्ता नगरी समिति संचालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही पाँच हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा (९) बमोजिम हिसावको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

तर, कुनै सदस्यले दफा(९) उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा (१०) को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धीत अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्वन्धीत पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिकाले पाँच हजार रुपैँयासम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा (८) बमोजिम गाउँपालिकाको स्वीकृति नलिई समितिको उद्देश्यमा हेरफेर गरेमा वा अर्को समितिसित गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

**२१. पुनरावेदन :** दफा (१२) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्वन्धीत जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

**२२. समितिको विघटन वा त्यसको परिणाम :** (१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।
(२) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ ।

**२३. नियम बनाउने अधिकार :** यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम बनाउन सक्नेछ ।

**२४.** समितिले आफ्नो विधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वत विघटन भएको मानी अर्को कार्यसमिति चयन नभएसम्म समिति संचालन गाउँपालिकाले गर्नेछ ।

**२५. खारेजी वा बचाउ :** (१) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि लागु हुनु पुर्व जलस्रोत ऐन २०४९ अन्तर्गत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

## अनुसूची-१

### (नियम ५ संग सम्बन्धित)

### उपभोक्ता संस्था दर्ताको लागि दिईने दरखास्त

श्री अध्यक्षज्यू,
गाउँपालिका जलस्रोत समिति
बर्बोट,गुल्मी

**विषयः खानेपानी उपभोक्ता संस्था दर्ता सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा गुल्मी जिल्ला धुर्कोट गाउँपालिका वडा नं. ......अन्तरगत रहेको ............................................खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था दर्ता गर्नका लागि देहायका कुराहरु खुलाई यो दरखास्त पेश गरेको छु ।

१.उपभोक्ता संस्थाको नाम र ठेगानाः -

२.उपभोक्ता संस्थाको उद्देश्यः-

३.स्रोत रहेकोः प्रदेश ...................जिल्ला...............

गाउँपालिका.................................वडा नं.........

४.उपयोग गर्ने पानीको परिणामः-

५.आयोजना सम्पन्न वा शुरु गर्न लाग्ने समयः

६.आयोजना सम्पन्न गर्दा लाग्ने अनुमानित खर्चः

७.आयोजना सम्बन्धि अन्य विवरणः..

**<u>दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु :</u>**

क) आयोजना सम्बन्धी विस्तृत विवरण उल्लेख भएको कागजातः-

ख) आयोजनाको लागि कुनै संस्थावाट आर्थिक सहायता व्यहोरिने भए सो सम्बन्धमा त्यस

संस्थाले व्यक्त गरेको प्रतिवद्धता र तत्सम्बन्धी कागजात ।

ग) उपभोक्ता संस्थाको दुई प्रति विधान ।

घ) कार्य समितिको नागरिकताको प्रतिलिपि:

ङ) वडा कार्यालयको सिफारिस पत्र

च) मुल विवादरहित भएको आवश्यक कागजात:( मञ्जुरीनामा,मुचुल्का )

छ) संस्थाको छाप:

ज) स्रोत उपयोग गर्ने गाउँको नक्सा:

<u>दरखास्त दिनेको</u>

सही:-

नाम:-

पद: -

ठेगाना:-

मिति:-

अनुसूची( ३

(नियम ६ को उपनियम १ संग सम्बन्धित)

# धुर्कोट गाउंपालिका
# गाउं कार्यपालिकाको कार्यालय

बर्बोट,गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

दर्ता नम्बरः

दर्ता मितिः

## गाउंपालिका जलस्रोत समिति

# उपभोक्ता संस्था दर्ता प्रमाण( पत्र

श्री......................................................................

.............................................................................

.........................................................................जल उपभोक्ता समिति जलस्रोत ऐन २०४९को दफा ५ को उप( दफा(२) तथा जलस्रोत नियमावली २०५० को नियम ६ को उपनियम (१), स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा ध(१) तथा धुर्कोट गाउंपालिकाको खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७ बमोजिम २०..............साल.....................महिना .............गते यस कार्यालयमा दर्ता गरि यो प्रमाण( पत्र प्रदान गरिएको छ । जलस्रोत ऐन २०४९, जलस्रोत नियमावली २०५० र स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नुहोला ।

हस्ताक्षरः

नाम थरः

पदः

मितिः

नोटः यो प्रमाण( पत्र एक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र नवीकरण गरिसक्नुपर्नेछ ।

# धुर्कोट गाउंपालिका
## गाउंकार्यपालिकाको कार्यालय बर्बोट,गुल्मी
## नवीकरण गरेको प्रमाण–पत्र

| नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर,रसिद नं. | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# धुर्कोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**बर्बोट, गुल्मी । लुम्बिनी प्रदेश नेपाल**

**प.सं :**

**च.नं : मिति :**

**सूचना ! सूचना !! सूचना !!!**

तपशिलमा लेखिएका निवेदकहरुले निम्नमा जलस्रोत ऐन २०४९,जलस्रोत नियमावली २०५० र स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम .............................................**खानेपानी तथा सरसफाइ समिति**...................**गाउँपालिका वडा नं**......**गुल्मी** नामक संस्था दर्ता गरी पाउँ भनी दरखास्त दिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसमा कसैलाई वाधाअड्चन तथा मर्का पर्न जाने भएमा सोही व्यहोरा खुलाइ यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस गाउँपालिका कार्यालयमा दरखास्त दिन सकिनेछ । म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही हुनेछैन ।

तपशिल

| क.सं. | जिल्ला | न.पा./गा.पा. | दरखास्त दिनेको नाम,ठेगाना | दरखास्तको व्यहोरा | योजना सञ्चालन गर्ने मुहानको नाम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

....................

.......................

प्रमुख प्रशासकिय अधिकृत

# धुर्कोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**बर्बोट, गुल्मी ।** **लुम्बिनी प्रदेश ,नेपाल**

**प.सं : ०७७/०७८**

**च.नं :** **मिति :**

विषयः सूचना टाँस गरी जानकारी पठाइदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा ..........................................गुल्मी नामक संस्था दर्ता सम्बन्धमा मिति................मा यस कार्यालयबाट प्रकाशित सूचना थान १(एक) यसै पत्रसाथ संलग्न राखि पठाइएको छ । प्राप्त भएपछि तहाँको सूचना पाटीमा टाँस गरी सो को जानकारी यस कार्यालयमा दिनु हुन अनुरोध छ ।

श्री धुर्कोट गाउँपालिका वडा नं.........वडा कार्यालय, गुल्मी
श्री धुर्कोट गाउँपालिका वडा नं.........वडा कार्यालय, गुल्मी

पुनश्चः-
संस्था दर्ताको लागि पेश गर्नु पर्ने कागजातहरुमा सम्बन्धीत कार्यालयबाट प्राविधिक प्रतिवेदन समेत पेश गर्ने ।

....................
.....................
प्रमुख प्रशासकिय अधिकृत